# अवसर







Good Neighbors International

## परियोजना अन्तर्गत अतिरिक्त क्रियाकलाप संचालन निर्देशिका



ECA Booklet final.indd 1 8/29/2018 4:55:45 PM




सुन्दर फूल धरतीका, फक्रिएर फूल्न पाउँ
अधिकार सुनिश्चित भई, निर्धक्कले खुल्न पाउँ ।

ECA Booklet final.indd 2 8/29/2018 4:56:56 PM

# बाल संरक्षण आचारसंहिता

बालबालिका भन्नाले १८ वर्ष वा सोभन्दा कम उमेरका व्यक्तिहरू भनी बुझ्नु पर्दछ र यो आचारसंहिता, यो कार्यक्रमसँग कुनै पनि प्रकारले सम्बन्धित हुन आउने सम्पूर्णमा लागू हुनेछ ।

१. उमेर, जाति, लिङ्ग, रङ्ग, भाषा, धर्म, विचार, जन्मस्थान आदिलाई आधार नमानी सबै बालबालिकाहरूसँग समान व्यवहार गर्नु पर्दछ ।

२. सबै बालबालिका र किशोरकिशोरीलाई सुरक्षित तथा अनुकूल वातावरणको व्यवस्था गर्नु पर्दछ ।

३. बालबालिकाहरूको मञ्जुरी लिएर मात्रै फोटो वा भिडियो खिच्नु पर्दछ ।

४. बालबालिकाहरूलाई कुनै प्रकारको शारिरीक वा मानसिक दण्ड वा सजायँ दिनु हुँदैन ।

५. बालबालिकाहरूसँग कुराकानी गर्दा अपमानजनक, सांस्कृतिक हिसाबले अनुपयुक्त तथा यौन उत्तेजनात्मक भाषा प्रयोग गर्नु हुँदैन ।

६. बालबालिकाहरूको शरीरको कुनै पनि संवेदनशील अङ्गमा छुनु वा चुम्बन गर्नु हुँदैन ।

७. धुम्रपान, मद्यपान, मादक पदार्थ सेवन जस्ता हानिकारक कार्यहरूमा बालबालिका तथा किशोरकिशोरीहरूलाई सामेल गराउनु हुँदैन ।

८. बालसंरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु पर्दछ ।

९. बालबालिकाहरूलाई सबै प्रकारका जोखिमपूर्ण अवस्थाहरू तथा यौनजन्य क्रियाकलापहरूबाट टाढै राख्नु पर्दछ ।

१०. बालदुर्व्यवहार भएमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउनु पर्दछ । अथवा नेपाल प्रहरी- १०४, बालहेल्प लाइन - १०९८ वा गुड नेवर्स इन्टरनेशनल नेपालको टोल फ्रि नम्बर १६६००१९२०२१ मा पनि जानकारी गराउन सकिन्छ ।



ECA Booklet final.indd 3 8/29/2018 4:56:56 PM

# १. गुड नेवर्स इन्टरनेशनल नेपालको संक्षिप्त परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालले सन् २००२ देखि समाज कल्याण परिषद्को सम्झौता अनुरुप शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, आयआर्जन, बाल संरक्षण, पैरवी र विपद् व्यवस्थापन आदि क्षेत्रमा नेपालका विभिन्न २० वटा जिल्लाहरूमा साझेदार संस्थाहरूमार्फत आफ्ना क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ ।

हाल यो संस्थाले शिक्षामा बालबालिकाहरूको पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षाको गुणस्तर बढाउने, बालबालिकाहरूको सहभागिता तथा क्षमता प्रदर्शनको अधिकारलाई सुनिश्चित गर्नको लागि अतिरिक्त क्रियाकलाप संचालन तथा विद्यालय व्यवस्थापन प्रणाली सुदृढ गर्ने जस्ता उद्देश्यका साथ लक्षित समुदाय र विद्यालयमा शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

त्यस्तै जीविकोपार्जन संवर्द्धन कार्यक्रम अन्तर्गत समुदायमा आधारित संस्थाहरूद्वारा पहुँच नभएका व्यक्तिहरूको आर्थिक र सामाजिक विकासको उद्देश्य लिएर लक्षित समुदायमा संस्थागत विकास कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम र जीविकोपार्जन सहयोग कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रम अन्तर्गत लक्षित समुदायको व्यक्तिहरूको स्वास्थ्यसँग सम्बन्धित व्यवहार तथा सफा खानेपानी, सरसफाई र स्वच्छतासँग सम्बन्धी अभ्यासलाई अघि बढाउनुका साथै स्थानीय स्वास्थ्य प्रणाली सुदृढीकरण गर्ने उद्देश्य लिएर विभिन्न कार्य गर्दै आइरहेको छ ।

बालबालिकालाई सबै प्रकारको हिंसा र दुर्व्यवहारबाट सुरक्षित राख्न स्थानीयस्तरमा बाल संरक्षण प्रणाली सुदुढ गर्ने तथा आफ्नो अधिकार दाबी गर्न सक्षम तथा जागरुक गराउने जस्ता उद्देश्यका साथ स्पोन्सरसीप सर्भिस तथा बाल संरक्षण कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

सन् २०१८ मे महिनासम्म कार्यक्रम लागू भएका ४३५ विद्यालयका २३,१५२ बालबालिकाहरूले गुड नेवर्स इन्टरनेशनल नेपालको स्पोन्सरसीप सर्भिस कार्यक्रम मार्फत प्रत्यक्ष रूपमा सेवा पाइरहेका छन् ।

# २. परियोजनाको परिचय

शिक्षाका मुलभूत लक्ष्य भनेको बालबालिकाहरूको सर्वाङ्गिण विकास गर्नु हो । सर्वाङ्गिण विकास भन्नाले बौद्धिक, शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र

नैतिक पक्षहरूको विकासलाई जनाउँदछ । प्रत्येक बालबालिकाहरूमा यी पक्षहरूको समुचित विकास गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापहरू बीच सन्तुलन हुन आवश्यक हुन्छ । कक्षाकोठाको चार भित्ताहरू बीच सीमित शिक्षण-सिकाई क्रियाकलापहरूले मात्र बालबालिकाहरूका विकासात्मक आवश्यकताहरूलाई पूरा गर्न सक्दैनन् । बालबालिकाहरूलाई पाठ्यक्रम र पाठ्यपुस्तकले निर्दिष्ट गरेका सिकाई क्रियाकलापहरूका अलावा अन्य अवसरहरू प्रदान गर्न नितान्त जरूरी छ । त्यसैले, अतिरिक्त क्रियाकलापहरूको आवश्यकता र महत्वलाई मनन् गर्दै बालबालिकाहरूमा अन्तर्निहित प्रतिभााहरू प्रस्फुटन होस् भन्ने हेतुले विद्यालयदेखि राष्ट्रियस्तरमा अतिरिक्त क्रियाकलपाहरू आयोजना गर्ने उद्देश्यका साथ यो परियोजना परिकल्पना गरिएको हो ।

विविध प्रकारका अतिरिक्त क्रियाकलापहरूको माध्यमबाट बालबालिकाहरूमा नेतृत्व विकास, सृजनशिलता, समालोचनात्मक सीप, प्रभावकारी अभिव्यक्ति कला, शारीरिक तन्दुरुस्ती तथा सुगठनमा टेवा पुऱ्याउने लक्ष्य यो परियोजनाले लिएको छ । साथै, बालअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि १९८९ मा निहित बालविकास, बालसहभागिता, बालबचाउ, बालसंरक्षण सम्बन्धी धाराहरूलाई हृदयङ्गम गर्दै अतिरिक्त क्रियाकलापहरूको छनौट गरिएको छ ।

समग्रमा, यस परियोजना अन्तर्गत १४ वटा खेलकुद, अतिरिक्त र सांस्कृतिक क्रियाकलापहरू समेटिएको छ (११ विद्यालयस्तरीय, १० क्लष्टरस्तरीय र ७ राष्ट्रियस्तरका क्रियाकलापहरू) र यी क्रियाकलापहरू गुड नेवर्स इन्टरनेशनल नेपालको कार्यक्षेत्र रहेका १३ जिल्लाका ४३५ विद्यालयहरूमा आयोजना गरिनेछ ।

## ३. परियोजनाको उद्देश्य

विविध अन्तर्निहित प्रतिभाहरूको प्रष्फुटनका लागि बालबालिकाहरूलाई अतिरिक्त क्रियाकलापहरूमा सहभागी हुने अवसरहरू प्रदान गर्नु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

## ४. अतिरिक्त क्रियाकलापका विभिन्न तहहरू

### क) विद्यालयस्तरीय (अन्तर सदनात्मक) अतिरिक्त क्रियाकलापहरू

गुड नेवर्स इन्टरनेशनल नेपालसँग कार्यगत सम्बन्ध भएका विद्यालयहरूमा यो परियोजना लागू हुनेछ  जस अन्तर्गत ११ प्रकारका अतिरिक्त क्रियाकलापहरू संचालन हुनेछन् ।

यी क्रियाकलापहरू संचालनार्थ गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा जिल्लास्थित कार्यक्रम कार्यान्वयनमा रहेको संस्थाले प्रत्येक विद्यालयलाई आवश्यक सामग्रीहरू, प्रमाणपत्र र पुरस्कारहरू उपलब्ध गराउनेछन् र यी सामग्रीहरूको उचित तथा विवेकपूर्ण प्रयोगको अपेक्षा गुड नेवर्स इन्टरनेशनल नेपालले गर्दछ ।

विद्यार्थीहरूको अर्थपूर्ण, समावेशी तथा समतामूलक सहभागिता सुनिश्चित गर्नु प्रत्येक विद्यालयको जिम्मेवरी हुनेछ । समावेशी सिद्धान्त, बालमैत्री वातावरणका साथै लैङ्गिक संवेदनशिलता प्रति ध्यान दिँदै प्रत्येक बालबालिकाहरूमा रहेको प्रतिभा प्रस्फुटन प्रवर्धन गर्नुपर्नेछ ।

सम्बन्धित विद्यालयस्तरीय बालक्लबले, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, स्थानीय सरकार र शिक्षकशिक्षिककाहरूको सल्लाह, सुझाव, सहयोग र रोहवर तथा यस निर्देशिकामा आधारित रही सम्पूर्ण क्रियाकलापहरू संचालन गर्नेछ । छात्रछात्रा बीच जिम्मेवारी बाँडफाँड तथा परिचालन समान रूपले गरिनेछ । क्रियाकलापहरूमा सम्भव भएसम्म अभिभावकहरूलाई सहभागी गराउनु पर्नेछ ।

तोकिएका क्रियाकलापहरूका समूह विजेताहरू क्लष्टरस्तरीय प्रतियोगिताका लागि स्वत: छनौट हुनेछन् ।

## ख) क्लष्टरस्तरीय (अन्तरविद्यालय) अतिरिक्त क्रियाकलापहरू

क्लष्टर भन्नाले ५-१० वटा १-८, १-१० वा १-१२ कक्षा संचालन भएका विद्यालयहरूलाई पायक पर्ने गरी निर्धारण गरिएको क्षेत्र भन्ने बुझ्नुपर्दछ । तोकिएका क्रियाकलापहरूका समूह विजेताहरूले, ५-१० विद्यालयका समकक्षी विद्यार्थीहरू बीच प्रतिस्पर्धा गर्नेछन् र प्रतिस्पर्धा आयोजना स्थल (विद्यालय) विद्यालयहरूलाई पायक पर्ने गरी छनौट गरिनेछ र प्रतियोगी विद्यार्थीहरू एक दिनमा आवतजावत गर्न सक्ने गरी व्यवस्था गरिनेछ । उक्त प्रतिस्पर्धा स्थलमा सम्पूर्ण अतिरिक्त क्रियाकलापहरू संचालनका गर्नका लागि आवश्यक पूर्वाधारहरू, सामग्री र उपकरणहरू उपलब्ध हुनेछन् ।

यी क्लष्टरस्तरीय (अन्तरविद्यालय) अतिरिक्त क्रियाकलापहरू सहज तथा प्रभावकारी रूपमा संचालन गर्नका लागि सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, प्रधानाध्यापक, गुड नेवर्स इन्टरनेशनलको साझेदार संस्थाको प्रतिनिधि र बालक्लबका पदाधिकारीहरू लगायत आवश्यकताका

आधारमा अन्य शिक्षकहरू सदस्य रहने गरी एक अतिरिक्त क्रियाकलाप संचालक समिति गठन गरिनेछ । आवश्यकता अनुसार अन्य उपसमितिहरू गठन गर्न सकिनेछ ।

यी क्रियाकलापहरू संचालनार्थ गुड नेवर्स इन्टरनेशनल नेपालले साझेदार संस्था मार्फत आयोजक विद्यालयलाई आवश्यक सामग्रीहरू, प्रमाणपत्र र पुरस्कारहरू उपलब्ध गराउनेछ र यी सामग्रीहरूको उचित तथा विवेकपूर्ण प्रयोगको अपेक्षा गुड नेवर्स इन्टरनेशनल नेपालले गर्दछ ।

यो कार्यक्रम एक दिनको हुनेछ र यस दौरानमा सरोकारवाला, स्थानीय निकायका प्रतिनिधि र अभिभावकहरूको उपस्थितिलाई जोड दिईनेछ ।

तोकिएका क्रियाकलापहरूका समूह विजेताहरू राष्ट्रियस्तरको प्रतिस्पर्धाका लागि स्वत: छनौट हुनेछन् र सोको प्रमाण स्वरुप गुड नेवर्स इन्टरनेशनल नेपालले आवश्यक भिडियो, अडियो र रचना अभिलेखहरू संकलन गर्नेछ ।

क्लष्टरस्तरीय कार्यक्रम संचालनको दिन प्रत्येक क्लष्टरमा बाल अधिकार वा अन्य सामाजिक समस्याबारे अन्तर्क्रिया कार्यक्रम समेत गरिनेछ । सो कार्यक्रमको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

### ग) राष्ट्रियस्तरका कार्यक्रमहरू

विश्व बाल दिवस नोभेम्बर २० को दिनलाई अवसर पारी काठमाण्डौमा राष्ट्रियस्तरको एक कार्यक्रम आयोजना गरिनेछ र निर्दिष्ट क्रियाकलापका विजेताहरू यस कार्यक्रममा सहभागी हुनेछन् र सहभागिताका लागि आवश्यक सम्पूर्ण व्यवस्था गुड नेवर्स इन्टरनेशनल नेपालले गर्नेछ ।

## ५. क्रियाकलापहरूको परिचय तथा संचालन प्रक्रिया

बालबालिकाहरूमा अन्तर्निहित प्रतिभाको विकाससँगसँगै मनोरञ्जनका निमित्त तपशिलका क्रियाकलापहरू विद्यालय, क्लष्टर र राष्ट्रियस्तरमा संचालन गरिनेछन् र प्रत्येक क्रियाकलाप संचालन प्रक्रिया संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।



ECA Booklet final.indd 7 8/29/2018 4:56:56 PM

## ५.१ भलिबल प्रतियोगिता

प्रत्येक माध्यमिक विद्यालयहरूले अन्तरसदनात्मक छात्र भलिबल प्रतियोगिता संचालन गर्नेछन् । यो खेल संचालनका लागि चाहिने आवश्यक खेलकूदका सामग्री, पुरस्कार र प्रमाणपत्र गुड नेवर्स इन्टरनेशनल नेपालले जिल्लास्थित साझेदार संस्थामार्फत उपलब्ध गराउनेछ । यो क्रियाकलाप क्लष्टर र राष्ट्रियस्तरमा आयोजना गरिने छैन ।



## 5.2 English Spelling Contest

Spelling contests can instill the importance of correct spelling and help elementary level school children to build their vocabulary along with stoking their interest in learning English.





| | |
|---|---|
| Objective: | To accelerate use of correct spelling and building of English language vocabulary among elementary level school children |
| Themes: | Words drawn form health, science, literature & English subjects (Basic Level 1-5 Grades) |
| Competing Grades: | 1-5 |
| Gender Specific: | No |
| Competition Level: | Intra-school |

An inter-house spelling contest will be conducted with three students comprising a team. First, second and third position holders will receive prizes and certificates. This contest will not be held at the cluster and national levels.

## ५.३ चित्रकला प्रतियोगिता

सिर्जनात्मक अथवा प्रतिकात्मक रूपमा कल्पना, परिकल्पना, भावना, सोच, विचार, सन्देश, आस्था, आवश्यकताहरू अभिव्यक्त र सञ्चार गर्न चित्रकला एक उत्तम माध्यम हो । यसलाई परिवर्तनको सशक्त माध्यमको रूपमा पनि उपयोग गर्न सकिन्छ । बालबालिकाहरू स्वभावैले सिर्जनशील प्रकृतिका हुन्छन् । चित्रकला उनीहरूको लागि आफूलाई अभिव्यक्त गर्ने र आफूले कल्पना गरेको कुरालाई व्यक्त गर्ने एक सर्वोत्तम तरिका हो ।



| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूको कल्पना, परिकल्पना, भावना, सोच, विचार, सन्देश, आस्था, आवश्यकताहरू सिर्जनात्मक तथा प्रतिकात्मक रूपमा अभिव्यक्त र सञ्चार गर्न अवसर प्रदान गर्नु । |
| विषयवस्तु : | बालअधिकार, बालसंरक्षण, आदर्श विद्यालय, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छता, प्राकृतिक विपद् आदि । |
| कक्षा समूह : | १-५, ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालयस्तरीय तथा राष्ट्रियस्तर |



ECA Booklet final.indd 9 8/29/2018 4:56:57 PM

प्रत्येक विद्यालयले तहगत रूपमा माथि उल्लेख भए अनुसारको शिर्षकमा चित्रकला प्रतियोगिता संचालन गर्नुपर्ने छ । प्रत्येक तहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई पुरस्कार प्रदान गरिनेछ । प्रत्येक तहबाट उत्कृष्ट एउटा चित्रलाई राष्ट्रियस्तरको प्रतिस्पर्धामा स्वत: सहभागी गराइनेछ ।

राष्ट्रियस्तरमा समावेश गरिने सम्पूर्ण चित्रकलाहरूलाई सिर्जनशिलता, कलात्मकता, र अभिव्यक्त सन्देशमा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले सम्पूर्ण विद्यालयहरूको प्रत्येक कक्षा समूहबाट उत्कृष्ट तीन-तीनवटा चित्रहरू छनौट गर्नेछ र उक्त चित्रहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा प्रदर्शन गरिनेछन् । छनौट गरिएका चित्रहरू मध्ये उत्कृष्ट पाँच सर्जकहरूलाई राष्ट्रिय कार्यक्रमका बीच पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

## ५.४ दौड प्रतियोगिता: (१०० मिटर, २०० मिटर र ४०० मिटर)

बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि शारिरीक तथा मानसिक तन्दुरुस्ती आवश्यक पर्दछ । स्वस्थ दिमागका लागि स्वस्थ शरीर हुनु अति आवश्यक छ । दैनिक व्यायामले बालबालिकाहरूलाई स्वस्थ तथा तन्दुरुस्त रहन सहयोग गर्दछ । दौडले मनोरञ्जन, स्फुर्तिका साथै सकारात्मक सोचको विकास गर्न मद्दत गर्दछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई शारिरीक स्फुर्ति, शक्ति र तन्दुरुस्तीप्रति उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | खेलकुद |
| कक्षा समूह : | १-५, ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छ (छात्र र छात्राको छुट्टाछुट्टै प्रतियोगिता) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र क्लष्टरस्तरीय |



कक्षा समूह अनुसार छात्र र छात्राहरूको छुट्टाछुट्टै १०० मिटर (कक्षा १-५), २०० मिटर (कक्षा ६-८) र ४०० मिटर (कक्षा ९-१२) को दौड प्रतियोगिता संचालन हुनेछन् । प्रत्येक कक्षा समूह अन्तर्गत छात्र र छात्रा उपसमूहबाट प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने बालबालिकाहरूलाई पुरस्कार र प्रमाणप्रत्र प्रदान गरिनेछ । विद्यालयस्तरीय दौड प्रतियोगिता संचालनको लागि बालक्लबहरूलाई प्रोत्साहन गरिनेछ ।

प्रत्येक तहबाट प्रथम हुने छात्र र छात्रा क्लष्टरस्तरीय दौड प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् र उक्त क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । यो क्रियाकलाप राष्ट्रियस्तरमा आयोजना गरिने छैन ।

## ५.५ वक्तृत्वकला प्रतियोगिता



प्रभावकारी कथ्य अभिव्यक्तिलाई २१ औं शताब्दीको एउटा महत्वपूर्ण खुबी मानिएको छ । तर, बालबालिकाहरू मात्र हैन, बहुसंख्यक वस्यकहरू पनि जनमानसको अगाडि वा सार्वजनिक रूपमा बोल्न वा आफ्ना कुराहरू राख्न डराउँछन् । भेलाहरूमा बोल्ने अवसर पाउनाले बालबालिकाहरूमा वाक् कलाको विकास हुनुका साथै आफ्ना विचार/भनाईहरू स्पष्ट, मान्य र सिलसिलाबद्ध तवरले राख्ने क्षमताको विकास हुन जान्छ ।

तुलनात्मक रूपमा, नेपालमा खासगरी छोरी वा छात्राहरू आफ्ना कुराहरू घर वा सार्वजनिक समारोहहरूमा राख्न हिच्किचाउने तथ्यलाई मध्यनजर गर्दै, यो अतिरिक्त क्रियाकलाप छात्राहरूलाई लक्षित गरी संचालन गरिनेछ ।

| | |
|---|---|
| उद्देश्य : | बालिका वा छात्राहरूमा वाक् कलाको विकास गराउनु र उनीहरूका समस्याहरू राख्ने मञ्च उपलब्ध गराउनु । |



ECA Booklet final.indd 11 8/29/2018 4:56:57 PM

| | |
|---|---|
| विषयवस्तु : | महिनावारी सरसफाई व्यवस्थापन, लैङ्गिक विभेद, बालविवाह |
| कक्षा समूह : | ६-१२ |
| लैङ्गिक सीमितता : | छ (छात्रा मात्र) |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, क्लष्टर र राष्ट्रियस्तर |

विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा कक्षा ६ देखि १२ मा अध्ययनरत् छात्राहरू सहभागी हुनेछन् । प्रत्येक प्रतियोगीले आफ्ना विचारहरू राख्न ५ मिनेट समय पाउनेछन् र उनीहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रथम हुने छात्रा क्लष्टरस्तरीय वक्तृत्वकला प्रतियोगिताको लागि स्वत: छनोट हुनेछ र उक्त क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

क्लष्टरस्तरीय प्रतियोगितामा प्रत्येक प्रतियोगी छात्राले ५ मिनेट बोल्नेछन् र निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ । जसमा स्वास्थ्य तथा शारिरीक शिक्षा, नेपाली भाषा विषयका शिक्षक, स्वास्थ्य चौकी इन्चार्ज र अन्य प्रवुद्ध व्यक्ति हुनेछन् । एकरुपता कायम गर्न तोकिएको ढाँचा र फारमका आधारमा मूल्याङ्कन हुनेछ ।

सबै प्रतियोगीहरूको छुट्टाछुट्टै भिडियो लिइनेछ र प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूका भिडियोहरूलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराइनेछ ।

सम्बोधन, विषयको प्रारम्भ, पुष्टि र उदाहरण, भाषा र प्रस्तुति तथा विषयको गहनतामा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले संकलित प्रतिस्पर्धी भिडियोहरूबाट उत्कृष्ट तीनवटा भिडियोहरू छनौट गर्नेछ र उक्त विजेताहरुलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा आफ्ना विचारहरू राख्ने अवसरका साथै पुरस्कार र प्रमाणप्त्र प्रदान गरिनेछ ।

## ५.६ निबन्ध लेखन प्रतियोगिता

लेखेर गरिने सञ्चार आजको ज्ञान अर्थतन्त्रमा एकदम महत्वपूर्ण सीप हो । कुनै विषयको ज्ञान भएर मात्र हुँदैन, यसलाई सरल, सुस्पष्ट, बोधगम्य, र युक्तीसङ्गत





तवरले प्रस्तुत गर्न सक्नुपर्दछ । निबन्ध लेखनले विद्यार्थीहरूलाई भविष्यमा वहन गर्नुपर्ने शैक्षिक र कार्यगत जिम्मेवारीहरूको लागि तयार पनि गर्दछ ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई विभिन्न विषय शिर्षकहरूमा सरल, सुस्पष्ट, बोधगम्य, र युक्तीसङ्गत लेखन शैली विकास गर्न उत्प्रेरित गर्नु । |
| विषयवस्तु : | बालअधिकार र बालसंरक्षण, हाम्रो समाज र संस्कृति, नेपालमा अनेकतामा एकता |
| कक्षा समूह : | ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, क्लस्टर र राष्ट्रियस्तर |

विद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगितामा कक्षा ६-८ र ९-१२ मा अध्ययनरत छात्रछात्राहरू सहभागी हुनेछन् र आफ्ना विचारहरू १०००-१५०० र १५००-२००० शब्दहरूमा अभिव्यक्त गर्नेछन् । उनीहरूलाई क्रमश: ९० र १२० मिनेट समय उपलब्ध गराइनेछ र निबन्धहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । प्रथम, द्वितीय र तृतीय स्थान ओगट्न सफल प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ ।

क्लस्टरस्तरीय निबन्ध लेखन प्रतियोगितामा विभिन्न विद्यालयस्तरीय प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल प्रतियोगी सहभागी हुनेछ र उनीहरूले आफ्ना विचारहरू १०००-१५०० र १५००-२००० शब्दहरूमा अभिव्यक्त गर्नेछन् । उनीहरूलाई




ECA Booklet final.indd 13 8/29/2018 4:56:57 PM

क्रमश: ९० र १२० मिनेट समय उपलब्ध गराइनेछ । एकरुपता कायम गर्न निबन्धहरूको मूल्याङ्कन तोकिएको ढाँचा र फारमका आधारमा हुनेछ । निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ । जसमा सामाजिक शिक्षा र नेपाली भाषाका शिक्षक, बाल वा मानवअधिकारकर्मी र अन्य प्रबुद्ध व्यक्ति हुनेछन् । क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम हुने प्रतियोगीहरूका निबन्ध संकलन गरिनेछ । विषय प्रस्तुति, विषयको संगठन र विश्लेषण, भाषा, ढाँचा तथा निष्कर्शमा आधारित रहेर एउटा स्वतन्त्र र निष्पक्ष निर्णायक मण्डलले संकलित प्रतिस्पर्धी निबन्धहरूबाट उत्कृष्ट तीनवटा निबन्धहरू छनौट गर्नेछ र उक्त विजेताहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

## ५.७ कम्प्युटर सीप परीक्षण प्रतियोगिता




एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको युग हो र नेपाल सरकारले पनि शिक्षामा सूचना, संचार तथा प्रविधिलाई प्राथमिकतामा राखी कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा कम्प्युटर विज्ञान विषय समावेश गरेको छ । कम्प्युटर विज्ञान शिक्षामा सैद्धान्तिक भन्दा पनि व्यावहारिक सीप तथा सिकाईको बढी महत्व रहन्छ ।

| | |
|---|---|
| उद्देश्य : | कम्प्युटरको सैद्धान्तिक र व्यावहारिक सीप सिकाइ प्रोत्साहन र कम्प्युटर सीपको मापन गर्नु । |
| विषयवस्तु : | कक्षा ६-८ को पाठ्यक्रममा रहेको प्रयोगात्मक पाठहरू |
| कक्षा समूह : | ६-८ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र क्लष्टरस्तरीय |



ECA Booklet final.indd 14 8/29/2018 4:56:57 PM

विद्यालयस्तरमा कक्षा ६-८ का सम्पूर्ण विद्यार्थीहरू बीच खुल्ला कम्प्युटर प्रयोगात्मक कक्षा परीक्षणको मापन गरिनेछ । यो प्रतियोगिता २०-३० मिनेटको रहनेछ ।

प्रथम, द्वितीय र तृतीय स्थान ओगट्न सफल प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ र प्रथम हुने प्रतियोगी क्लष्टरस्तरीय कम्प्युटर सीप परीक्षण प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् ।

क्लष्टरस्तरीय प्रतियोगिता पनि २०-३० मिनेटको हुनेछ यस प्रतियोगिताको लागि प्रश्नपत्र गुड नेवर्स इन्टरनेशनल नेपालले उपलब्ध गराउनेछ । यस प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । निर्णायक मण्डल कम्तिमा ३ र बढीमा ५ जनासम्मको हुनेछ र यसमा आयोजक विद्यालय र अन्य विद्यालयका कम्प्यूटर शिक्षक वा ज्ञाता हुनेछन् । यो क्रियाकलाप राष्ट्रियस्तरमा आयोजना गरिने छैन ।

## ५.८ हाजिरीजवाफ प्रतियोगिता

अध्ययनहरूले देखाएका छन् की हाजिरीजवाफले सक्रिय सिकाई तथा जानेका कुराहरू स्मृतीमा रहीरहन सहयोग र बालबालिकाहरूलाई नयाँ कुराहरू जान्न प्रेरित गर्दछन् ।


| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूलाई पाठ्यपुस्तकका अतिरिक्त अन्य बाह्य ज्ञानगुनका कुराहरू सिक्न अभिप्रेरित गर्नु । |
| विषयवस्तु : | सामान्य ज्ञान (विज्ञान, स्वास्थ्य, प्रविधि, खेलकुद, इतिहास, भुगोल, साहित्य, बाल अधिकार तथा बाल संरक्षण) |
| कक्षा समूह : | ६-८ र ९-१२ |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय र क्लष्टरस्तरीय |

विद्यालयस्तरमा बहुचरणत्मक (सामान्य चरण र Rapid Fire Round) अन्तर सदनात्मक हाजिरीजवाफ प्रतियोगिता गरिनेछ र प्रत्येक प्रतियोगी समूह जम्मा तीन जनाको समूह (छात्र, छात्रा र छात्र/छात्रा) हुनेछ ।

प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल प्रतियोगी समूहहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ र प्रथम हुने समूह क्लष्टरस्तरीय बहुचरणत्मक अन्तर विद्यालय



ECA Booklet final.indd 15 8/29/2018 4:56:57 PM



हाजिरीजवाफ प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् र यसको प्रश्नहरूको सेट गुड नेवर्स इन्टरनेशनल नेपालले उपलब्ध गराउनेछ । उक्त क्लष्टरस्तरीय प्रतियो गितामा प्रथम, द्वितीय र तृतिय स्थान प्राप्त गर्ने सहभागी समूहहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ । यो क्रियाकलापलाई राष्ट्रियस्तरको कार्यक्रममा समावेश गरिएको छैन् ।

## ५.९ कविता लेखन तथा वाचन प्रतियोगिता

कविता पठन, लेखन, वाचन र स्मरणले बालबालिकामा सकारात्मक सोच, मनोरञ्जन, र भावनात्मक गहिराईको विकास हुनुको साथै निकास पनि मिल्दछ । कविता लेखन तथा वाचन बालबालिकाहरूको लागि एउटा उत्तम सिर्जनात्मक र कलात्मक अभिव्यक्तिको माध्यम पनि हो ।

| | |
|---|---|
| उद्देश्य : | बालबालिकाहरूमा रहेको साहित्यिक प्रतिभाको उजागर गरी साहित्य सृजनामा अभिरुचि जगाउनु । |
| विषयवस्तु : | बाल अधिकार र बाल संरक्षण |
| कक्षा समूह : | सबै |
| लैङ्गिक सीमितता : | छैन |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | विद्यालय, क्लष्टर र राष्ट्रियस्तर |

विद्यालयस्तरीय कविता लेखन प्रतियोगितामा सबै कक्षाहरू सहभागी हुन सक्नेछन् । प्रत्येक प्रतियोगीले विद्यालयमा शिक्षकशिक्षिकाको उपस्थितिमा आफ्नो रुची अनुसार गद्य वा पद्य कविता लेख्नेछन् । उनीहरूलाई एक घण्टाको समय उपलब्ध गराइनेछ । सबै कविताहरू प्रतियोगीहरूद्वारा विद्यार्थीहरू माझ वाचन गर्ने व्यवस्था विद्यालयले मिलाउनेछ ।

प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सफल प्रतियोगीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ र प्रथम स्थान प्राप्त गर्ने कविता क्लष्टरस्तरीय कवितालेखन प्रतियोगिताको लागि स्वत: छनोट हुनेछन् ।

क्लष्टरस्तरीय प्रतियोगितामा प्रत्येक प्रतियोगीले आफूले रचना गरेका कविताहरू वचन गर्नेछन् । एकरुपता कायम गर्न तोकिएको ढाँचा र फारमका आधारमा मूल्याङ्कन कम्तिमा ३ र बढीमा ५ जनासम्मको निर्णायक मण्डलले (जसमा नेपाली भाषा विषयका शिक्षक/शिक्षिका, बाल वा मानव अधिकारकर्मी र अन्य प्रवुद्ध व्यक्तिहरू) गर्नेछ । क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

क्लष्टरस्तरमा प्रथम स्थान प्राप्त गर्ने कविताहरू राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नेछन् । प्रस्तुतशैली, भाषा र शब्द, वाचनशैली, मौलिकता र कविताको तत्व र ढाँचा व्यवस्थापनमा आधारित रहेर एउटा स्वतन्त्र निर्णायक मण्डलले उत्कृष्ट तीन कविताहरू छनौट गर्नेछ र विजेताहरूलाई नोभेम्वर तेस्रो सातामा हुने राष्ट्रिय कार्यक्रममा आफ्ना कविताहरू वाचन गर्ने अवसरका साथै पुरस्कार र प्रमाणप्रत्र प्रदान गरिनेछ ।

## ५.१० बाल अधिकार र संरक्षणबारे 'बालकचहरी' (अन्तर्क्रिया)

बालकचहरी कार्यक्रमले समाजमा विद्यमान बाल अधिकार र संरक्षण सम्बन्धी विभिन्न सवालहरूलाई मध्यनजर गरी समुदाय, स्थानीय तह, जिल्ला तथा राष्ट्रियस्तरमा बालबालिकाहरूको सवाल तथा मुद्दाहरूका बारे अन्तर्क्रिया गर्न टेवा पुऱ्याउनेछ ।

| | |
|---|---|
| उद्देश्य : | समुदाय, स्थानीय तह, जिल्ला तथा राष्ट्रियस्तरमा बाल अधिकार, बालबालिकाहरूका सवाल तथा मुद्दा, भोगाइ, अनुभव, विचारहरू छलफल गराई राष्ट्रियस्तरमा हुने कार्यक्रममा उक्त वहसका विषयवस्तु जोड्नु । |
| विषयवस्तु : | बालविवाहलाई केन्द्रमा राखी जिल्लामा बालबालिकाका अवस्था, बालसंरक्षण मुद्दा, बाल अधिकार र कानुनी प्रावधान, नीति, निर्देशिका, रणनीति आदि । |



ECA Booklet final.indd 17 8/29/2018 4:56:57 PM

| | |
|---|---|
| सहभागी : | बालबालिका, शिक्षक, अभिभावक, स्थानिय निकायका जनप्रतिनिधिहरु, संचार माध्यम, सुरक्षा निकाय, बाल अधिकारकर्मी लगायत सरोकारवालाहरु |
| प्रतियोगिता प्रतिस्पर्धास्तर : | क्लष्टर र राष्ट्रियस्तर |

क्लष्टरस्तरमा बालबालिकाहरूको बाल अधिकार र बाल संरक्षण सम्बन्धी मुद्दा तथा सवालहरूलाई उजागर गर्न बालकचहरी कार्यक्रमले प्रोत्साहित गर्नेछ । यस कार्यक्रममा अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगितामा भाग लिन आएका सम्पूर्ण विद्यालयका बालबालिकाहरू तथा अन्य बालबालिकाहरू सहभागी हुनेछन् । साथै कार्यक्रममा बाल अधिकार र संरक्षण तथा उनीहरूका सवाल र मुद्दाहरूलाई सम्बोधन गर्न जिल्लास्थित बाल अधिकारकर्मी, स्थानीय निकायका जनप्रतिनिधि, संचार माध्यम तथा अन्य सरोकारवालाहरूको उपस्थितमा रहनेछ । क्लष्टरस्तरमा उठेका बाल सवालहरूलाई जिल्लास्थित साझेदारी संस्थाहरू तथा बालक्लबबाट संकलन गरी जिल्लाबाट राष्ट्रियस्तरको छलफलमा प्रतिनिधित्व गर्न आउने बालबालिकाहरूले उक्त सवाल तथा मुद्दाहरूलाई राष्ट्रियस्तरको गरिने कार्यक्रममा समेत छलफलमा उठाउनेछन् ।

## ५.११ नाटक मञ्चन

बालबालिकाहरूले भोग्नु परिरहेका समस्या र समाधानहरूमा आधारित रही बालक्लबहरूले बढीमा ३० मिनेट अवधिको एउटा नाटकको सृजना र अभ्यास गरी आफ्नो विद्यालयमा उपयुक्त अवसरमा मञ्चन गर्नेछन् ।



क्लटरस्तरीय कार्यक्रममा नाटक मञ्चन गर्न चाहने बालक्लब (नाट्य टोलीले) गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थाका कर्मचारीलाई जानकारी गराउनु पर्नेछ । प्रत्येक क्लष्टरमा नाटक प्रर्दशनीका लागि एउटा बालक्लबको छनौट गर्नेछ र प्रर्दशनका लागि चाहिने आवश्यक सामग्रीहरू गुड नेवर्स इन्टरनेशनल नेपालले प्रदान गर्नेछ । नाटक अप्रतियोगी हुनेछ ।



ECA Booklet final.indd 18 8/29/2018 4:56:58 PM

## ६. क्रियाकलाप संचालनमा बालक्लव, विद्यालय, क्रियाकलाप संचालन समिति आदिको भूमिका

### बालक्लब

- अतिरिक्त क्रियाकलाप संचालनको लागि बैठक संचालन तथा विद्यालयसँग समन्वय गर्ने र मिटिङ माइन्यूट लेखन ।
- विद्यालयको सल्लाह तथा मार्गदर्शनमा अतिरिक्त क्रियाकलाप संचालनमा नेतृत्व गर्ने ।
- कार्यक्रम संचालनका लागि चाहिने आवश्यक सामग्रीहरूको सूची तयार पारी विद्यालयलाई पेश गर्ने ।
- प्रत्येक क्रियाकलापको कार्ययोजना र विस्तृत विवरण तयार पार्ने ।
- अर्थपूर्ण सहभागिताका लागि सबै विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने ।
- आफ्नो बालक्लबले प्रकाशित गर्दै आएको बाल भित्तेपत्रिकाको उत्कृष्ट अङ्कलाई छनौट गरी राष्ट्रियस्तरमा हुने कार्यक्रममा प्रदर्शनीको लागि पठाउने ।

### विद्यालय

- शिक्षक वर्ग र विद्यार्थीहरूलाई परियोजनाको लक्ष्य र उद्देश्यको जानकारी गराउने ।
- अतिरिक्त क्रियाकलाप संचालनका लागि आवश्यक सामग्रीहरूको सूची तयार गरी गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्लास्थित साझेदार संस्थालाई माग पत्र पेश गर्ने ।
- गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थामार्फत प्राप्त सामग्रीहरूलाई अर्थपूर्ण रूपमा सदुपयोग गर्ने ।
- अतिरिक्त क्रियाकलाप संचालन गर्दा सुरक्षित वातावरण बनाउन सहयोग गर्ने ।
- बालक्लबलाई विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप संचालनमा सहयोग गर्ने र आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने ।

- प्रतियोगी विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागिताको लागि मार्गदर्शन तथा प्रोत्साहन गर्ने ।
- अभिभावकहरूको उच्चतम तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- अतिरिक्त क्रियाकलाप संचालनका लागि गुड नेवर्स इन्टरनेशनल नेपाल र साझेदार संस्थासँग समन्वय गर्ने ।
- प्रत्येक अतिरिक्त क्रियाकलापको विस्तृत अभिलेख राख्ने र उपलब्ध गराइएको प्रतिवेदन फारममा गुड नेवर्स इन्टरनेशनल नेपालको जिल्लास्थित साझेदार संस्थालाई उपलब्ध गराउने ।
- अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगितामा भाग लिने विद्यार्थीहरूको उचित हेरचाह सहित आवश्यक मार्गनिर्देशन गर्ने ।
- विद्यालयस्तरीय प्रतियोगितामा भाग लिँदा घाइते वा बिरामी परेमा विद्यार्थीलाई प्राथमिक उपचार र अन्य उपचारको व्यवस्था गर्ने ।

## क्रियाकलाप संचालन समिति

- प्रभावकारी संचार तथा समन्वय आवश्यकता अनुसार कायम राख्ने ।
- प्रभावकारी र उद्देश्यमूलक तवरले अतिरिक्त क्रियाकलाप संचालन गरी प्रत्येक प्रतियोगीहरूलाई अर्थपूर्ण रूपले सहभागी गराउने ।
- अतिरिक्त क्रियाकलाप संचालनको लागि सुरक्षित र उत्साहप्रद वातावरण कायम गर्ने ।
- आवश्यकता बमोजिम खाजा र खानाको व्यवस्थापन गर्ने ।
- अतिरिक्त क्रियाकलाप संचालनमा विद्यार्थी सुरक्षा तथा सावधानीको व्यवस्था गर्ने ।
- स्थानीय सरकार, गैर सरकारी संस्था तथा अभिभावकहरूको उच्चतम तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- प्रत्येक अतिरिक्त क्रियाकलापको विस्तृत अभिलेख राख्ने र उपलब्ध गराएको प्रतिवेदन फारममा गुड नेवर्स इन्टरनेशनल नेपालको साझेदार संस्थालाई उपलब्ध गराउने ।



ECA Booklet final.indd 20 8/29/2018 4:56:59 PM

## ७. सुरक्षा, प्राथमिक उपचार तथा भैपरि आउने घटना व्यवस्थापन

विद्यालयमा वा क्लष्टरमा आयोजित क्रियाकलाप, कार्यक्रम तथा खेलहरूका दौरान सहभागी विद्यार्थीहरू घाईते हुने, बिरामी पर्ने वा कुनै अप्रिय दुर्घटनाको शिकार हुन सक्दछन् । यस्ता प्रतिकूल परिस्थितिहरूबाट बच्नका लागि विद्यार्थी, शिक्षक, तथा अन्य सबै सचेत रहनु पर्दछ र सहभागी बालबालिकालाई सुरक्षित वातावरण प्रदान गर्नुपर्दछ । यदि कुनै विद्यार्थी आकस्मिक चोट वा दुर्घटनामा परेमा सम्बन्धित विद्यालय वा अभिभावकले घटनाको पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ ।

त्यसरी दुर्घटनामा परेका बालक वा बालिकालाई तत्काल प्राथमिक उपचार उपलब्ध नभएमा अपाङ्ग/अङ्गभङ्ग हुने र गम्भीर परिस्थितिमा ज्यान पनि जान सक्ने हुँदा गुड नेवर्स इन्टरनेशनल नेपालले प्राथमिक उपचार बाकस उपलब्ध गराउनेछ । शरीरिक पीडा कम गर्न, स्वास्थ्य अवस्थालाई बिग्रन नदिन, र अन्य जोखिमहरूबाट बचाउन विद्यालय वा क्लष्टरस्तरीय कार्यक्रम आयोजना स्थलमा उपलब्ध प्राथमिक उपचार बाकस र साधनस्रोत प्रयोग गरी यथाशिघ्र प्राथमिक उपचार गर्नु पर्दछ ।

## ८. मूल्याङ्कन, प्रतिवेदन तयारी तथा प्रेषण (Reporting)

तोकिएको ढाँचामा हरेक खेलकुद कार्यक्रमको विद्यालयले रेकर्ड वा अभिलेख राख्नेछ र गुड नेवर्स इन्टरनेशनल नेपालका साझेदार संस्थाका कर्मचारीले मासिक वा समयसमयमा सो अभिलेखहरू सङ्कलन गर्नेछन् ।

मूल्याङ्कन प्रक्रियालाई सहज बनाउन तथा मूल्याङ्कन प्रक्रियामा एकरूपता ल्याउनका लागि गुड नेवर्स इन्टरनेशनल नेपालले उपलब्ध गराएको मूल्याङ्कन फारामहरूको प्रयोगलाई अनिवार्य गरिएको छ ।

**अनुसूची : १ (विद्यालयले पेश गर्ने प्रतिवेदन)**

# प्रतियोगिता आयोजना विवरण फारम

## विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप

| विद्यालयको नाम : | | संचालित तह : | कूल विद्यार्थी संख्या : ………………… |
|---|---|---|---|
| विद्यालयको ठेगाना : | जिल्ला : | | छात्र : ………….. छात्रा :………….. |

**१. संचालित अतिरिक्त क्रियाकलापहरूको संक्षिप्त विवरण :**

| क्र.सं. | प्रतियोगिताको नाम | संचालन मिति | कक्षा समूह | प्रतियोगीहरूको विवरण | | | | | अन्य सहभागीहरूको विवरण | | | | | | कूल जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरूको संख्या | | | स्पोन्सर विद्यार्थीको संख्या | | अन्य विद्यार्थी | | शिक्षकशिक्षिका | | अभिभावक | | | | | |
| | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | |
| १. | चित्रकला | | १-५ | | | | | | | | | | | | | | | |
| | | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| २. | दौड | | १-५ | | | | | | | | | | | | | | | |
| | | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| ३. | English Spelling | | १-५ | | | | | | | | | | | | | | | |
| ४. | वक्तृत्वकला | | ६-१२ | | | | | | | | | | | | | | | |
| ५. | निबन्ध लेखन | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| ६. | कम्प्यूटर सीप परीक्षण | | ६-८ | | | | | | | | | | | | | | | |
| ७. | नाटक मञ्चन | | सबै | | | | | | | | | | | | | | | |
| ८. | भलिबल | | ९-१२ | | | | | | | | | | | | | | | |
| ९. | हाजिरीजवाफ | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| १०. | कविता लेखन तथा वाचन | | सबै | | | | | | | | | | | | | | | |



ECA Booklet final.indd 22
8/29/2018 4:56:59 PM

**२. उत्कृष्ट (तीन) स्थान हासिल गर्न सफल प्रतियोगीहरूको विवरण :**

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्राप्त स्थान | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | छात्र दौड प्रतियोगिता | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| २. | छात्रा दौड प्रतियोगिता | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ३. | छात्र दौड प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ४. | छात्रा दौड प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ५. | छात्र दौड प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ६. | छात्रा दौड प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ७. | वक्तृत्वकला प्रतियोगिता | ६-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ८. | निबन्धलेखन प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ९ | निबन्धलेखन प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १०. | कविता लेखन तथा वाचन प्रतियोगिता | सबै | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |



ECA Booklet final.indd 23
8/29/2018 4:56:59 PM

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्राप्त स्थान | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | कम्प्यूटरसीप परीक्षण प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १२. | English Spelling | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १३. | हाजिरीजवाफ प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १४. | हाजिरीजवाफ प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |



ECA Booklet final.indd 24 8/29/2018 4:56:59 PM

**३. क्लष्टर (अन्तरविद्यालय) स्तरीय कार्यक्रमका लागि छनौटमा परेका सहभागीहरू** :

माथि उल्लेखित प्रतियोगिताहरूमा प्रथम स्थान हासिल गर्न सफल तपसिलका विद्यार्थीहरूलाई क्लष्टरस्तरीय प्रतियोगिताका लीग छनौट गरिएको छ ।

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | छात्र दौड प्रतियोगिता | १-५ | | | | | हो ( ) होइन ( ) | |
| | | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| | | ९-१२ | | | | | हो ( ) होइन ( ) | |
| २. | छात्रा दौड प्रतियोगिता | १-५ | | | | | हो ( ) होइन ( ) | |
| | | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| | | ९-१२ | | | | | हो ( ) होइन ( ) | |
| ३. | वक्तृत्वकला प्रतियोगिता | ९-१ | | | | | हो ( ) होइन ( ) | |
| ४. | निबन्धलेखन प्रतियोगिता | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| | | ९-१२ | | | | | हो ( ) होइन ( ) | |
| ५. | कम्प्यूटरसीप परीक्षण | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| ६. | हाजिरीजवाफ प्रतियोगिता | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| | | ९-१२ | | | | | हो ( ) होइन ( ) | |
| ७. | कवितालेखन तथा वाचन | सबै | | | | | हो ( ) होइन ( ) | |

**४. विद्यालयको तर्फबाट केही सल्लाहसुझाव भएमा** :

तयार पार्ने :
नाम :
पद :
मिति :

प्रमाणित पार्ने :
नाम :
पद :
मिति :

विद्यालयको छाप :



ECA Booklet final.indd 25
8/29/2018 4:56:59 PM

**अनुसूची : २ (अतिरिक्त क्रियाकलाप संचालक समितिले पेश गर्ने फारम)**

# प्रतियोगिता आयोजना विवरण फारम

## क्लष्टरस्तरीय (अन्तरविद्यालय) अतिरिक्त क्रियाकलाप

| | |
|---|---|
| विद्यालयको नाम : | जिल्ला : |
| विद्यालयको ठेगाना : | मिति : |

**१. संचालित अतिरिक्त क्रियाकलापहरूको संक्षिप्त विवरण :**

| क्र.सं. | प्रतियोगिताको नाम | सहभागी विद्यालयको संख्या | कक्षा समूह | प्रतियोगीहरूको विवरण | | | | | अन्य सहभागीहरूको विवरण | | | | | | कूल जम्मा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थीहरूको संख्या | | | स्पोन्सर विद्यार्थीको संख्या | | अन्य विद्यार्थी | | शिक्षकशिक्षिका | | अभिभावक | | | | | |
| | | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | |
| १. | दौड | | १-५ | | | | | | | | | | | | | | | |
| | | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| २. | वक्तृत्वकला | | १-५ | | | | | | | | | | | | | | | |
| ३. | निबन्ध लेखन | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| ४. | कम्प्यूटर सीप परीक्षण | | ६-८ | | | | | | | | | | | | | | | |
| ५. | हाजिरीजवाफ | | ६-८ | | | | | | | | | | | | | | | |
| | | | ९-१२ | | | | | | | | | | | | | | | |
| ६. | कविता लेखन तथा वाचन | | सबै | | | | | | | | | | | | | | | |
| ७. | नाटक मञ्चन | | | | | | | | | | | | | | | | | |
| ८. | नृत्य | | | | | | | | | | | | | | | | | |



ECA Booklet final.indd 26 8/29/2018 4:56:59 PM

**२. उत्कृष्ट (तीन) स्थान हासिल गर्न सफल प्रतियोगीहरूको विवरण :**

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्राप्त स्थान | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | छात्र दौड प्रतियोगिता | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| २. | छात्रा दौड प्रतियोगिता | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ३. | छात्र दौड प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ४. | छात्रा दौड प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ५. | छात्र दौड प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ६. | छात्रा दौड प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ७. | वक्तृत्वकला प्रतियोगिता | ६-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ८. | निबन्धलेखन प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| ९. | निबन्धलेखन प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १०. | कविता लेखन तथा वाचन प्रतियोगिता | सबै | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |



ECA Booklet final.indd 27
8/29/2018 4:56:59 PM

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्राप्त स्थान | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | कम्प्यूटरसीप परीक्षण प्रतियोगिता | १-५ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १२. | हाजिरीजवाफ प्रतियोगिता | ६-८ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| १३. | हाजिरीजवाफ प्रतियोगिता | ९-१२ | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | प्रथम | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | द्वितीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |
| | | | तृतीय | | | | | हो ( ) होइन ( ) | |



ECA Booklet final.indd 28 8/29/2018 4:56:59 PM

**३. राष्ट्रियस्तरीय कार्यक्रमका लागि सहभागी छनौट** :

माथि उल्लेखित प्रतियोगिताहरू मध्येमा राष्ट्रियस्तरको कार्यक्रममा समावेश गरिने क्रियाकलापहरूको लागि क्लष्टरस्तरीय प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल तपसिलका विद्यार्थीहरूको सृजना, लेख, भिडियो आदिलाई आवश्यक थप मूल्याङ्कन तथा अध्ययनको लागि छनौट गरिएको छ ।

| क्र.सं. | प्रतियोगिताको नाम | कक्षा समूह | प्रतियोगीको नाम | लिङ्ग | कक्षा | विद्यालयको नाम | स्पोन्सरसीप अवस्था | Attachment |
|---|---|---|---|---|---|---|---|---|
| १. | वक्तृत्व प्रतियोगिता | १-५ | | | | | हो ( ) होइन ( ) | |
| २. | निबन्धलेखन प्रतियोगिता | ६-८ | | | | | हो ( ) होइन ( ) | |
| | | ९-१२ | | | | | हो ( ) होइन ( ) | |
| ३. | कवितालेखन प्रतियोगिता | सबै | | | | | हो ( ) होइन ( ) | |

**४. कैफियत (Remarks)** :



ECA Booklet final.indd 29
8/29/2018 4:56:59 PM

**५. अतिरिक्त क्रियाकलाप संचालक समितिको विवरण :**

| क्र.सं. | सदस्यको नाम/थर | कार्यरत संस्था वा कार्यालय | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |



ECA Booklet final.indd 30
8/29/2018 4:56:59 PM

### अनुसूची : ३

## वक्तृत्वकला प्रतियोगिता मूल्याङ्कन फारम

| | | |
|---|---|---|
| वक्तृत्वकला प्रतियोगिताको शिर्षक : | ठेगान : | |
| विद्यालय/कार्यक्रम स्थलको नाम : | मिति : | कक्षा समूह : |

| क्र.सं. | प्रतियोगीको नाम | कक्षा | सम्बोधन (२०) | विषयको प्रारम्भ र उठान (२०) | पुष्टि र उदाहरण (२०) | भाषा र प्रस्तुती (२०) | विषयको गहनता (२०) | पूर्णाङ्क (१००) | प्राप्त स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| ४. | | | | | | | | | |
| ५. | | | | | | | | | |
| ६. | | | | | | | | | |
| ७. | | | | | | | | | |
| ८. | | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम :
कार्यरत संस्था वा कार्यालयको नाम :
पद :
हस्ताक्षर :
मिति :



ECA Booklet final.indd 31
8/29/2018 4:56:59 PM

## अनुसूची : ४

# निबन्धलेखन प्रतियोगिता मूल्याङ्कन फारम

| | |
|---|---|
| प्रतियोगिताको शिर्षक : | ठेगान : |
| विद्यालय/कार्यक्रम स्थलको नाम : | मिति : |

| क्र.सं. | प्रतियोगीको नाम | विद्यालयको नाम | लिङ्ग | कक्षा | विषय प्रस्तुती (२०) | विषयको संगठन र विश्लेषण (२०) | भाषा (२०) | ढाँचा (२०) | निष्कर्ष (२०) | पूर्णाङ्क (१००) | प्राप्त स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम :
कार्यरत संस्था वा कार्यालयको नाम :
पद :
हस्ताक्षर :
मिति :

**विषय प्रस्तुती : शिर्षक, परिचय, पुष्टि, उदाहरण**

**विषयको संगठन र विश्लेषण : क्रमवद्ध प्रस्तुती र तर्क, उदाहरण र प्रमाणहरू मार्फत विश्लेषण**

**भाषा : सरलता, सहजता, कोमलता, विशिष्ठता, आलङ्कारिकता**

**ढाँचा : आदि, मध्य र अन्त्य**

**निष्कर्ष**



ECA Booklet final.indd 32
8/29/2018 4:56:59 PM

### अनुसूची : ५

## कवितालेखन तथा वाचन प्रतियोगिता मूल्याङ्कन फारम

| | |
|---|---|
| प्रतियोगिताको शिर्षक : | ठेगान : |
| विद्यालय/कार्यक्रम स्थलको नाम : | मिति : |

| क्र.सं. | प्रतियोगीको नाम | विद्यालयको नाम | लिङ्ग | कक्षा | प्रस्तुती शैली (१५) | भाषा, शब्द (२०) | वाचन शैली (२०) | मौलिकता (१५) | कविताको तत्व र ढाँचा व्यवस्थापन (२०) | पूर्णाङ्क (९०) | प्राप्त स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम :
कार्यरत संस्था वा कार्यालयको नाम :
पद :
हस्ताक्षर :
मिति :

**प्रस्तुती शैली : सरलता, सघनता, गद्य, पद्य**

**भाषा र शब्द : सरलता, छन्द, कोमलता, विशिष्ठता, प्रतिकात्मकता, काव्यात्मकता, विम्ब, आलङ्कारिकता**

**वाचन शैली : हाउभाउ, गति, यति-विश्रम, लय**

**कविताको तत्व र ढाँचा व्यवस्थापन : शिर्षक, भाव, दर्शन र उद्देश्य**



ECA Booklet final.indd 33
8/29/2018 4:56:59 PM

### अनुसूची : ६

## चित्रकला प्रतियोगिता मूल्याङ्कन फारम

| | |
|---|---|
| प्रतियोगिताको शिर्षक : | ठेगान : |
| विद्यालय/कार्यक्रम स्थलको नाम : | मिति : |

| क्र.सं. | प्रतियोगीको नाम | विद्यालयको नाम | लिङ्ग | कक्षा | चित्रको सुन्दरता (धर्का, प्याट्रन, टेक्चर, स्पष्टता, सफा) (२०) | रङ्गको संयोजन (२०) | सन्देश, अर्थ र भाव (२०) | मौलिकता र सिर्जनशीलता (२०) | कलाको समग्र प्रभाव (२०) | पूर्णाङ्क (१००) | प्राप्त स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम :
कार्यरत संस्था वा कार्यालयको नाम :
पद :
हस्ताक्षर :
मिति :



ECA Booklet final.indd 34
8/29/2018 4:56:59 PM




**जब आउँछ अवसर, हुनेछ प्रतिभाको कदर ।**
**आत्मविश्वास बढ्छ मेरो, मुस्कुराउँछन् रहर ।।**



Good Neighbors International

Ekantakuna - 13, Lalitpur, Nepal
Phone: 977-1-5538758, 5520493
Fax: 977-1-5524478
GPO Box: 8975, EPC 1605
Kathmandu, Nepal
Website: gninepal.org




# Good Change for the World



ECA Booklet final.indd 36 8/29/2018 4:57:00 PM